The Asia Foundation

# दक्षिण एशिया साना अनुदान कार्यक्रम

अनुदान प्रक्रिया

नेपाल

## १. कार्यक्रम विवरण

**कोष प्रदायकः** दि एशिया फाउण्डेसन

दि एशिया फाउण्डेसन एक गैर नाफामूलक अन्तर्राष्ट्रिय विकास संगठन हो । यो गतिशील तथा विकसित हुँदै गरेको एशियाका मानिसहरुको जीवनस्तर सुधारमा केन्द्रित छ । छ दशकको अनुभव तथा गहन स्थानीय विशेषज्ञता निहित हाम्रा कार्यहरुले यस क्षेत्रको अति महत्वपूर्ण पाँच विषयक्षेत्रलाई सम्बोधन गर्दछ । जसमा– शासन प्रणालीको सुदृढीकरण, महिला सशक्तिकरण, आर्थिक अवसरहरुको विस्तार, वातावरणीय अनुकुलनतामा अभिवृद्धि तथा अन्तर्राष्ट्रिय सहकार्यको प्रवद्र्धन पर्दछन ।

**आर्थिक सहयोग प्राप्तिको अवसरः** दि एशिया फाउण्डेसन नेपाल कानुन बमोजिम योग्य सबै राष्ट्रिय गैरसरकारी संस्था तथा नागरिक समाजका संघ संस्थाहरुलाई दक्षिण एशिया साना अनुदान कार्यक्रम (एस ए–एस.जि.पी) अन्तर्गतका क्रियाकलापहरु सञ्चालन गर्नका लागि प्रस्ताव (प्राबिधिक तथा फण्डिङ्ग) प्रस्ताव पेश गर्न आव्हान गर्दछ ।

**सहयोगको प्रकृतिः** अनुदान

**पहिलो पटक प्रस्ताव आव्हान मितिः** चैत २, २०७६ (मार्च १५, २०२०)

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः** वैशाख २, २०७७ (अप्रिल १५, २०२०) (११:५९) (जिएमटी +५:४५)

### दक्षिण एशिया साना अनुदान कार्यक्रम (एसएएसजीपी) भनेको के हो ?

दक्षिण एशिया साना अनुदान कार्यक्रम (एसएएसजिपी) नेपाललाई सम्पन्न र समृद्ध बनाउन सघाउने दि एशिया फाउण्डेसनको दीर्घकालीन सहयोग तथा प्रतिबद्धतालाई कार्यान्वयनमा लैजान सहयोग गर्ने एक कार्यक्रम हो । नवीनतम ज्ञानको लाभ उठाउने, सञ्जाल विस्तार गर्ने तथा एशिया भरी नागरिकको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्नका लागि दि एशिया फाण्डेसनको विशिष्ट अनुदान अन्तर्गतको रुपमा साना अनुदान कार्यक्रम रहेको छ । यस एसए–एसजिपी कार्यक्रमले नेपाल सरकारको “समृद्ध नेपाल, सुखी नेपाली” को परिकल्पनालाई सहयोग गर्न नागरिक समाज तथा गैरसरकारी संस्थाहरुमार्फत नवप्रबर्तनात्मक प्राथमिकताका कार्यक्रमलाई सहयोग गर्ने उद्देश्य लिएको छ । यो साना अनुदान कार्यक्रमले हाम्रा साझेदार संघसंस्थाहरुको नेतृत्वदायी भूमिका बढाउने अपेक्षा समेत लिइएको छ । कार्यक्रमले एशियाको बदलिँदो तथा गतिशील वातावरणलाई सहयोग गर्ने रचनात्मक साझेदारिता सम्बन्धी फाउण्डेसनको विशिष्टतम् सहकार्यात्मक प्रक्रियालाई प्रतिविम्बित गर्नेछ भन्ने हाम्रो दृढ विश्वास रहेको छ ।

गत तीन दशकमा विभिन्नसंघसंस्था र संगठनहरुको सहयोगमा हाम्रो साना अनुदान कार्यक्रमले नेपालका सयौं स्थानीय निकायहरुलाई प्रभावकारी सार्वजनिक सेवा प्रवाहमा प्रोत्साहन र सहयोग गरेको छ । यसरी सहयोग गर्ने संस्थाहरुमा McConnell Foundation, Ford Foundation, Skoll Foundation तथा Give2Asia लगायतका थुप्रै संस्थाहरु छन् । यसका साथै द्विदेशीय दाताहरु (खासगरी संयुक्त राज्य अमेरिका र संयुक्त अधिराज्य) को पनि सहयोग प्राप्त भएको छ । नेपालमा साझेदारिताको ३०औं वार्षिकोत्सव नजिकिँदै गर्दा फाउण्डेसन नागरिक समाज साझेदारीका लागि ***नेपालकै पहलमा नेपालको विकास*** लाई प्रवद्र्धन गर्न केन्द्रित एउटा नयाँ फण्डिङ्ग तथा सहायता कार्यक्रम सञ्चालन गर्न चाहन्छ । यसले निम्न चार क्षेत्रलाई समेट्नेछ :

- Public Finance and Institutional Strengthening
- Promoting Subnational Investment and Economic Governance
- Active Citizenry
- Improving Nepal's E-Governance and Digital Economy

## २. दक्षिण एशिया साना अनुदान कार्यक्रमको उद्देश्यहरु

दक्षिण एशिया साना अनुदान कार्यक्रमले नागरिक समाजलाई निम्न तीन क्षेत्रमा सहयोग गर्ने उद्देश्य राखेको छः

१. सम्बन्धित तहको सरकारहरुमा बृहत पारदर्शिता, जवाफदेहिता, कानुनको शासन तथा उत्तरदायित्वको प्रवद्र्धन

२. फौजदारी न्याय क्षेत्र, भ्रष्टाचार विरुद्धका निकायहरु, मानव अधिकार आयोगहरु, निर्वाचन प्रशासन, संसद, सञ्चार माध्यम तथा स्थानीय सरकारहरु लगायतका लोकतान्त्रिक संस्थाहरुसँग अर्थपूर्ण रुपले संलग्न हुने फराकिलो परिस्थिति निर्माण

३. क्षमता विकास योगदान मार्फत नागरिक समाज संगठनहरुको आन्तरिक क्षमता, ज्ञानको आधार तथा कार्यक्रम निर्माण क्षमतामा अभिवृद्धि

## ३. आर्थिक सहयोग प्राप्तिको अवसर

दि एशिया फाउण्डेसन दक्षिण एशिया साना अनुदान कार्यक्रम (एसए–एसजिपी) अन्तर्गत सबै योग्य नागरिक समाजका संघसंस्था र संगठनहरुलाई फण्डिङ्ग प्रस्ताव पेश गर्न आव्हान गर्दछ । यो साना अनुदान कार्यक्रम माथि उल्लिखित सार्वजनिक वित्त तथा संस्थागत सुदृढीकरण क्षेत्र, लगानी तथा समावेशी आर्थिक शासन प्रवद्र्धन क्षेत्र, नेपालको विद्युतीय शासन (इ–गभर्नेन्स) तथा डिजिटल अर्थतन्त्रलाई सहयोग क्षेत्र तथा सक्रिय नागरिक क्षेत्र गरी चार कार्यक्रम क्षेत्रहरुसँग सम्बन्धित उद्देश्यमा सहयोग पुर्याउन सक्ने नवप्रवर्तनात्मक तथा कार्यान्वयनमुखी प्रस्तावहरु पेश गर्नका लागि आव्हान गरिएको हो । तलको तालिकामा दक्षिण एशिया साना अनुदान कार्यक्रमले आर्थिक सहयोग प्रदान गर्न सक्ने  चारवटै क्षेत्रका प्राथमिकताका क्षेत्रहरु दिइएको छ :

| **Program Areas** |
|---|
| ***Public Finance and Institutional Strengthening*** |
| *Core Objective: Institutional and public finance integrity strengthened* |
| Increasing transparency and accountability across policy, planning, budgeting, and implementation processes |
| Promoting right to information practices |
| Strengthening oversight and fiduciary risk reduction |
| Strengthening budget transparency laws and/or practices |
| Promoting participatory planning practices |

| |
|---|
| Promoting and strengthening financial disclosure practices |
| Strengthening legal protection mechanisms |
| ***Promoting Subnational Investment and Economic Governance*** |
| *Core Objective: Inclusive economic governance and sustainable investment environment strengthened* |
| Strengthening public procurement processes |
| Strengthening enforcement of contracts and international agreements to improve investment environment |
| ***Active Citizenry*** |
| *Core objective: Active participation and civic engagement strengthened* |
| Promoting citizen participation in policy processes |
| Research to support subnational legislative committees |
| Promoting affirmative action policies |
| ***Improving Nepal's E-Governance and Digital Economy*** |
| *Core objective: Access to information and informational integrity strengthened* |
| Data literacy |
| Producing data for evidence-based decision making |
| Promoting open and accessible data and/or open data policies |
| Strengthening independent media |
| Promoting e-governance and digitization of government procedures |
| Promoting investigative journalism and journalism skills |
| Strengthening proactive disclosure practices |
| Strengthening tools and institutions to combat disinformation in social media |

### ३.१ अनुदान निर्णयको जानकारी

**अनुमानित फण्डिङ्गको स्तरः** निवेदकहरुले २५,००० अमेरिकी डलरदेखि अधिकतम ७५,००० अमेरिकी डलर बराबरको नेपाली रुपैया बराबर फण्डिङ्गका लागि आवेदन दिन सक्नेछन् । फण्डिङ्ग स्तरका हकमा एसए–एसजिपीको कुनै पूर्व निर्धारित प्राथमिकता रहेको छैन तथा आवेदनहरुलाई फण्डिङ्ग स्तरबारे कुनै पूर्वाग्रह नराखी कार्यक्रमको उत्कृष्टताका आधारमा मूल्यांकन गरिनेछ ।

**अनुदान कार्यान्वयन अवधिः** अनुदान कार्यान्वनको अवधि ६ महिनाभन्दा कम तथा १५ महिनाभन्दा बढीको हुनसक्ने छैन । कार्यान्वयन अवधि कार्यक्रमसँग तर्कसंगत हुनु पर्नेछ । कार्यान्वयन अवधिका बारे यस बाहेकका अन्य आधारमा विचार गरिनेछैन ।

**अनुदानको प्रकारः** यस आव्हान अन्तर्गतका सबै अनुदानहरु लागत–प्रतिपूर्ति (कस्ट–रिइम्बर्सेबल) अनुदान हुनेछ ।

### ३.२ योग्यता सम्बन्धी जानकारी

- अनुदान राष्ट्रिय गैरनाफामूलक संघसंस्था र संगठनहरुलाई मात्र प्रदान गरिनेछ । "गैरनाफामूलक" संगठनहरुमा राष्ट्रिय नागरिक समाज संगठनहरु तथा गैरसरकारी संस्थाहरु, कन्सोर्टिया, सञ्जालहरु, संघ तथा सदस्यता प्रदान गर्ने निकायहरु, विचार समूहहरु (थिङ्क ट्यांक), विश्वविद्यालयहरु आदि समावेश हुनेछन । तर यसमा सरकारी निकायहरु, नाफामूखी संगठन तथा व्यक्तिहरु पर्दैनन् ।

## संघसंस्था र संगठनको योग्यताको शर्तहरु

| **प्रकार** | **दक्षिण एशिया साना अनुदान कार्यक्रममा आवेदनको योग्यताहरु** |
|---|---|
| • नागरिक समाज संगठन तथा गैरसरकारी संगठनहरु | • विधिवत रुपमा दर्ता भएको गैरनाफामुखी वा परोपकारी संघसंस्था र संगठन हुनुपर्ने<br>• संगठन दर्ता भएको देशमा आवेदन दिनुपर्ने<br>• कम्तीमा ३ वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने<br>• परियोजना÷कार्यक्रम व्यवस्थापन क्षमता प्रदर्शन गरिसकेको हुनुपर्ने<br>• वित्तीय व्यवस्थापनमा ठोस विश्वसनीयता भएको तथा संगठनको हकमा हालैको वित्तीय विवरणको उपयुक्त लेखापरीक्षण भएको देखिएको हुनुपर्ने<br>• शासन प्रणालीसँग सम्बन्धित कार्यक्रम तर्जुमा गर्ने अनुभव भएको<br>• विविधताप्रति संवेदनशील तथा समावेशितालाई प्रवद्र्धन गर्ने कार्यक्रम कार्यान्वयन गर्न अनुभव भएका संगठनहरुलाई ग्राह्यता दिइनेछ । त्यस्तो अनुभव नभएको हकमा यस्तो विशेषज्ञतालाई परियोजना प्रस्तावमा समावेश गर्ने तत्परता देखाएको हुनुपर्ने |
| • पेशागत संघहरु (कन्सोर्टिया, सञ्जाल, महासंघ तथा सदस्यता प्रदान गर्ने निकायहरु) | • विधिवत रुपमा दर्ता भएको गैरनाफामुखी वा परोपकारी संगठन हुनुपर्ने<br>• संगठन दर्ता भएको देशमा आवेदन दिनुपर्ने<br>• कम्तीमा ३ वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने |

| | |
|---|---|
| | • परियोजना÷कार्यक्रम व्यवस्थापन क्षमता प्रदर्शन गरिसकेको हुनुपर्ने<br>• वित्तीय व्यवस्थापनमा ठोस विश्वसनीयता भएको तथा संगठनको हकमा हालैको वित्तीय विवरणको उपयुक्त लेखापरीक्षण भएको देखिएको हुनुपर्ने<br>• शासन प्रणालीसँग सम्बन्धित कार्यक्रम तर्जुमा गर्ने अनुभव भएको<br>• विविधताप्रति संवेदनशील तथा समावेशितालाई प्रवद्र्धन गर्ने कार्यक्रम कार्यान्वयन गर्न अनुभव भएका संगठनहरुलाई ग्राह्यता दिइनेछ । त्यस्तो अनुभव नभएको हकमा यस्तो विशेषज्ञतालाई परियोजना प्रस्तावमा समावेश गर्ने तत्परता देखाएको हुनुपर्ने<br>• सबै कन्सोर्टियाका हकमा तिनको मुख्य संगठन उल्लेख गर्नु आवश्यक छ तथा कन्सोर्टियमका सबै साझेदारहरु गैरनाफामूलक संगठन हुनु पर्नेछ । |
| • प्राज्ञिक÷अनुसन्धान संस्थाहरु (विचार समूह, विश्वविद्यालय आदि) | • विधिवत रुपमा दर्ता भएको वा विश्वविद्यालय वा क्याम्पसद्वारा सम्बोधन प्राप्त भएको तथा अनुसन्धानमूलक संस्थाका रुपमा दर्ता भएको तथा गैरनाफामूलक वा परोपकारी संगठन हुनुपर्ने<br>• कम्तीमा ३ वर्षदेखि सञ्चालनमा रहेको हुनुपर्ने<br>• परियोजना÷कार्यक्रम व्यवस्थापन क्षमता प्रदर्शन गरिसकेको हुनुपर्ने<br>• वित्तीय व्यवस्थापनमा ठोस विश्वसनीयता भएको तथा वित्तीय विवरणको उपयुक्त लेखापरीक्षण भएको देखिएको हुनुपर्ने<br>• शासन प्रणालीसँग सम्बन्धित कार्यक्रम तर्जुमा गर्ने अनुभव भएको<br>• विविधताप्रति संवेदनशील तथा समावेशितालाई प्रवद्र्धन गर्ने कार्यक्रम कार्यान्वयन गर्ने अनुभव भएका संगठनहरुलाई ग्राह्यता दिइनेछ । त्यस्तो अनुभव नभएको हकमा यस्तो विशेषज्ञतालाई परियोजना प्रस्तावमा समावेश गर्ने तत्परता देखाएको हुनुपर्ने |

- सबै आवेदकहरु विदेशी दातृ कोष प्राप्त गर्न योग्य हुनुपर्नेछ । यसका साथै त्यस्तो फण्ड प्राप्त गर्नका लागि आवश्यक सबै कागजात तथा कानुनी शर्त पूरा गरेको हुनुपर्नेछ ।
- सबै आवेदकहरुले आफूहरु स्थापना भएको तथा आफूले माग गरेको फण्डलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न सक्षम बनाउनका लागि आवश्यक सबै संशाधनहरु, प्रणाली तथा प्रक्रियाहरु दुरुस्त रहेको प्रमाण पेश (आवेदन फारममा) गर्नु आवश्यक हुनेछ ।

- यदि फण्डिङ्ग पश्चातको जाँचबुझ (ड्यु डिलिजेन्स्) प्रक्रियामा आवेदन फारममा गलत सूचना प्रदान गरेको पाइएमा फण्डिङ्गका लागि छानिइसकेको भए पनि सो आवेदक स्वतः अयोग्य हुनेछ ।

## ४. आवेदन तथा आवेदन पेश गर्ने सम्बन्धी जानकारी

यो कार्यक्रमको घोषणा तथा यसमा हुने संशोधनहरुका बारेमा धधध।बकष्बायगलमबतष्यल।यचन बाट जानकारी पाउन सकिने छ । यदि तपाइँलाई यो घोषणामा सम्बन्धी थप कुनै सूचना प्राप्त गर्न चाहेमा दि एशिया फाउण्डेसनको दिइएको इमेल मार्फत सम्पर्क गर्नुहोला । इमेलबाट आएका सोधपुछहरुलाई मात्र सम्बोधन गरिनेछ ।

प्रस्ताव पेश गर्दा तल लेखिएको सबै निर्देशनहरुलाई ध्यानपूर्वक पालना गर्नुहोला । यो घोषणाका शर्तहरु पूरा नगरेका अथवा भनिएका शर्तहरु पूरा गर्न वा अनुपालना गर्न असफल आवेदनहरु यस कार्यक्रमका लागि अयोग्य ठहरिने छन् ।

## आवेदन दिँदा ध्यान दिनुपर्ने विषवस्तु तथा आवेदनको व्यहोरा

- आवेदन नेपाली वा अंग्रेजी भाषामा बुझाउन सकिनेछ ।
- सबै बजेटहरु स्थानीय मुद्रामा उल्लेख हुनुपर्नेछ ।
- सबै पृष्ठमा पृष्ठ संख्या उल्लेख गर्नुपर्नेछ ।
- सबै कागजात A4 कागजमा हुनुपर्नेछ ।
- सबै माइक्रोसफ्ट वर्ड फाइलहरुमा किनारामा १ इञ्च स्थान छाडिएको, अक्षरको आकार ११ भएको तथा कम्तिमा सिंगल स्पेसमा हुनु पर्नेछ ।
- आवेदनको भाषाका लागि अंग्रेजी – Calibri(Body) वा नेपाली फण्ट निर्मला प्रयोग गरेको हुनुपर्नेछ

आवेदन बुझाउँदा आवेदकहरुले निम्न कागजात तथा सूचनाहरु बुझाउनु पर्नेछ :

**क. आवेदन फारमः** आवेदकहरुले अनुसूची १ मा दिइएको फारम भरेर बुझाउनु पर्नेछ ।

आवेदन फारमसँगै संस्थाको दर्ता तथा गैरनाफामूलक संस्था भएको प्रमाणपत्रको एक प्रति बुझाउनु पर्नेछ । आवेदकहरुले विदेशी तथा अन्तर्राष्ट्रिय दातृ निकायबाट फण्डिङ्ग लिन सक्ने आफ्नो क्षमताको प्रमाण पनि प्रस्तुत गर्नुपर्नेछ ।

**ख. अवधारणा पत्रः** आवेदकहरुले अनुसूची २ मा राखिएको ढाँचामा अवधारणा पत्र तयार पारी पेश गर्नु पर्नेछ ।

**ग. बजेट अनुमानः** आवेदकहरुले अनुसूची ३ बमोजिमको ढाँचामा कूल बजेट तथा सोको खण्डिकरण (ब्रेकडाउन) प्रस्तुत गर्नुपर्नेछ ।

**<u>कार्यक्रम अन्तर्गत फण्डिङ्ग प्रस्तावले समेट्न नसक्ने क्षेत्रहरु</u>**

- निर्माण कार्यः यो फण्डिङ्गले निर्माण क्रियाकलाप वा लागतका लागि अनुमति दिँदैन ।
- अनुदान प्राप्त गर्नु पहिलेका लागतहरुः अनुदान प्राप्त गर्नु पहिलेका लागतहरु यस फण्डिङ्ग अन्तर्गत स्वीकार्य खर्चहरु होइनन ।
- कार्यक्रमका क्रियाकलापहरुः यतिमै सीमित नहुने गरी सामान्यतः यस फण्डिङ्गले व्यहोर्न नसक्ने क्रियाकलापहरु निम्नानुसार छन्ः
    - नाफा कमाउने परियोजनाहरु;
    - शैक्षिक अवसरहरुलाई सहयोग गर्ने वा कुनै व्यक्तिलाई अध्ययनका लागि दिइने छात्रवृत्ति;
    - अन्य फण्डबाट भएका क्रियाकलाप पूरा गर्न गरिने भुक्तानी;
    - कोष अभिवृद्धि गर्न वित्तीय सहयोग वा कोष विकास परियोजनाहरु;
    - अन्तरनिहित रुपमा राजनीतिक प्रकृतिका परियोजनाहरु अथवा चुनावी अभियानमा कुनै व्यक्ति वा दललाई सहयोग गर्ने वा राजनीतिक दलीय स्वरुपमा रहेको परियोजनाहरु
    - राजनीतिक दल तथा पहलकदमी गरिने क्रियाकलापहरु
    - कुनै खास धार्मिक क्रियाकलापलाई सहयोग पु¥याउने परियोजनाहरु; तथा
    - लघुऋण/लघुवित्त परियोजनाहरु, उद्यमशीलताका लागि मूल धन (सिडमनी) वितरण, तथा कानुनी/भूमी अधिकार केन्द्रित कार्यक्रमहरु

**आवेदन बुझाउने मिति र समयः**

यस दक्षिण एशिया साना अनुदान कार्यक्रमका लागि **वैशाख २, २०७७ (अप्रिल १५, २०२०**) भित्र इमेलमार्फत आवेदन दिन सकिनेछ । सबै आवेदनहरु उक्त मितिमा स्थानीय समय अनुसार **रातीको ११.५९ बजे** भित्र प्राप्त भइसक्नु पर्नेछ । आवेदन बुझाउने अन्तिम मिति परिवर्तन हुनेछैन । उल्लिखित समयभित्रमा आवेदन बुझाउन असमर्थ संस्थाहरु यो फण्डिङ्गका लागि अयोग्य मानिनेछन् । तोकिएको समयभित्रै इमेल गरिएको हो वा होइन भनी निर्धारण गर्न अधिकारीहरुले इमेल सेवा प्रदायकद्वारा प्रदान गरिएको समय छापलाई आधार बनाउने छन् ।

आवेदन र सम्बन्धित सबै कागजातहरु विद्युतीय रुपमा मात्रै तलको इमेलमा बुझाउन सकिनेछः

sasgp.np@asiafoundation.org

[पहिलो चरणमा अस्वीकृत भएका अवधारणा पत्र दोस्रो चरणमा पुनः पेश गर्न सकिने छैन]

यस प्रस्तावका लागि आव्हान जारी गरेका कारणबाट मात्रै दि एशिया फाउण्डेसनका लागि कुनै फण्डिङ्ग वा प्रतिबद्धताको दायित्व स्थापित हुनेछैन, न त यसबाट आवेदन तयार गर्न लागेको खर्चको भुक्तानी दि एशिया फाउण्डेसनले गर्नुपर्ने जिम्मेवारी नै उत्पन्न हुनेछ । प्राप्त भएका आवेदनमध्ये कसलाई अनुदान दिने वा कसैलाई पनि नदिने भन्ने अधिकार दि एशिया फाउण्डेसनसँग सुरक्षित रहनेछ । यस आव्हानको परिणामका रुपमा कुनै फण्डिङ्ग प्रदान नगर्ने निर्णय गर्ने अधिकार दि एशिया फाउण्डेसनसँग रहनेछ ।

# ५. आवेदन पुनरावलोकन सम्बन्धी जानकारी

**छनौट मापदण्डः**

यस कार्यक्रम अन्तर्गत प्राप्त भएका सबै अवधारणाहरुलाई एक प्राविधिक मूल्यांकन मण्डलले तल उल्लिखित मूल्यांकन मापदण्डका आधारमा मूल्यांकन र श्रेणी निर्धारण गर्नेछ । अवधारणा पत्रको गुणस्तर मूल्यांङ्कन गर्न तथा सो अवधारणा पत्र अन्तरगतका कार्यक्रम सफल हुने सम्भावनाको लेखाजोखा गर्न सक्ने गरी यो मूल्यांकन मापदण्डको

खाका तयार पारिएको छ । यी सबै मापदण्डहरु एकआपसमा अन्तरसम्बन्धित छन् । यसले एकीकृत रुपमा अवधारणा पत्रको समग्र गुणस्तर मापन गर्ने कार्य गर्नेछ । आवेदनलाई तिनको परिपूर्णता, सामञ्जस्यता, स्पष्टता तथा विवरणमा कत्तिको ध्यान दिइएको छ भन्ने आधारमा समीक्षा गरिनेछ ।

**अवधारणा पत्र मूल्यांकन मापदण्डः**

- परियोजना अवधारणाको गुणस्तर तथा परियोजना योजना (५० अंक): यसमा समस्याको विवरण, दृष्टिकोण, परियोजना अवधारणामा कत्तिको मौलिकता छ एवम् बृहत क्षेत्रगत उद्देश्यमा यसको कस्तो योगदान हुन्छ भन्ने कुरा हेरिनेछ ।
- परियोजनाको उद्देश्य प्राप्त गर्ने क्षमता (२५ अंक): यसमा तपाइँले आफ्नो उद्देश्य, लक्ष्य, क्रियाकलापहरु तथा यसबाट आउने परिणामहरुलाई कत्तिको राम्रोसँग जोड्न सक्नु भएको छ भन्ने कुरा हेरिनेछ ।
- संस्थाको अभिलेख तथा संस्थागत क्षमता (१५ अंक): यसमा परियोजनाको लागि नियुक्त गरिएको व्यक्तिको गुणवेत्ता तथा संस्थाको क्षमता विवरणहरु हेरिनेछ ।
- परियोजनाको लागत तथा परिणाम (१० अंक): यसमा तपाइँले प्रदान गर्ने उपयोगिता, परियोजना लागत, लागत प्रभावकारिता तथा कर्मचारीको योगदानको मूल्य कसरी गरिएको छ भन्ने जस्ता विषय हेरिनेछ ।

**समीक्षा तथा छनौट प्रक्रियाः**

- सुरुवातमा सबै आवेदनहरुलाई माथि उल्लिखित संस्थाको योग्यता मापदण्ड बमोजिम मूल्यांकन र समीक्षा गरिनेछ (आवेदनमा प्रदान गरिएका जानकारी अनुरुप भए नभएको हेरिनेछ) तथा विषयगत रुपमा मिल्दो भए नभएको परीक्षण गरिनेछ । यहाँबाट छानिएका सबै योग्य आवेदनहरुलाई विशेषज्ञ सम्मिलित प्राविधिक क्षेत्र मूल्यांङ्कन मण्डलमा पठाइनेछ ।
- प्राविधिक मूल्यांकन मण्डलले माथि उल्लिखित अवधारणा पत्र मूल्यांकन मापदण्ड बमोजिम छानिएका आवेदनहरुको मूल्यांकन गर्ने, अंक दिने तथा श्रेणी निर्धारण गर्नेछन् । उच्च मूल्यांकन भएका अवधारणा पत्रलाई फण्डिङ्गका लागि छनौट गरिनेछ ।
- फण्डिङ्गको लागि तपाइँको अवधारणा पत्र छानिएको खण्डमा दि एशिया फाउण्डेसनले परियोजना विकास कार्यशालामा सहभागी हुन (समूहको नेतृत्वकर्ता सहित) तपाइँको संगठनका प्रतिनिधिलाई बोलाउनेछ । कार्यशालामा अनुगमन तथा मूल्यांकन संरचना, प्रतिवेदन गर्नुपर्ने आवश्यकताहरु तथा विस्तृत बजेटिङ्ग बाहेक पूर्णस्तरको प्रस्ताव निर्माण गर्ने स्वैच्छिक मापदण्डहरु पनि संलग्न हुनेछ ।
- कार्यशाला पश्चात सबै अनुदानग्राहीहरुले विस्तृत परियोजना प्रस्ताव बुझाउनु पर्नेछ ।
- विस्तृत परियोजना प्रस्ताव प्राप्त भइसकेपछि पूर्ण स्तरको जाँचबुझ (ड्यु डिलिजेन्स्) तथा बजेट छलफल हुनेछ । सो पश्चात तत्कालै अनुदान पत्र जारी गरिनेछ ।
- सबै आवेदकहरुलाई तिनको आवेदनको नतिजाका बारेमा लिखित रुपमा सम्बोधन गरिनेछ । यो सबै प्रक्रिया औसतमा २ देखि ३ महिना लाग्न सक्नेछ ।

## अनुसूचीहरु

अनुसूची १: आवेदन फारम

अनुसूची २: अवधारणा पत्रको ढाँचा

अनुसूची ३: बजेट ढाँचा